**तेस्रो गैह्र आवासीय नेपाली विश्व सम्मेलनको समुद्घाटन समारोहमा**
**नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चण्डिराज ढकालले**
**व्यक्त गर्नु भएको कृतज्ञता ज्ञापन**

सम्माननीय प्रधानमन्त्रीज्यू,
सम्माननीयज्यूहरु,
माननीय मन्त्रीज्यूहरु,
महामहिमज्यूहरु,
गैह्र आवासीय नेपाली अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष एवं सदस्यज्यूहरु,
नेपाल सरकारका वरिष्ठ अधिकृतज्यूहरु,
महासंघका पूर्व अध्यक्षज्यूहरु, पदाधिकारी एवं कार्यकारिणी समितिका सदस्यज्यूहरु,
विश्वका विभिन्न देशबाट पाल्नु भएका गैह्र आवासीय नेपाली मित्रहरु,
पत्रकार मित्रहरु,
सम्पूर्ण अतिथिगण ।

१. सम्माननीय प्रधानमन्त्रीज्यूबाट नेपालीहरुको महान चाड बडा दशैंको पूर्व सन्ध्यामा नेपाली र नेपाल बाहिर विश्वका विभिन्न देशमा बसोबास गरी आउनु भएका गैह्र आवासीय नेपालीहरु बीच पुनः मिलन र आपसी सद्भाव सहित **"नेपालीका लागि नेपाली"** भन्ने आदर्श वाध्य सहित दुई वर्षको अन्तरालमा नेपालमा तीन दिनसम्म आयोजना हुन लागेको "तेस्रो गैह्र आवासीय नेपाली विश्व सम्मेलन"को समुद्घाटन भएकोमा देशको आर्थिक सामाजिक विकासमा समर्पित हामी सम्पूर्ण उद्योगी व्यवसायिहरु गौरवान्वित भएका छौं । यस अवसरमा म देशभरका सम्पूर्ण उद्योगी व्यवसायिहरुको तर्फबाट सम्माननीय प्रधानमन्त्रीज्यूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

२. पौने एकसय वर्ष भन्दा बढीको उमेर, स्वास्थ्यको जटिलता एवं राष्ट्रिय विषयका विविध तनावका बाबजूद यस समारोहमा पाल्नु भई सम्मेलनको समुद्घाटन गरि दिनु भएकोमा उहांको निजी क्षेत्र तथा गैह्र आवासीय नेपाली प्रतिको लगाव स्पष्ट हुन्छ ।

३. गैर आवासीय नेपालीहरुबाट प्रत्यक्ष/अप्रत्यक्ष रुपमा नेपालको आर्थिक–सामाजिक विकासमा अत्यन्त महत्वपूर्ण योगदान पुग्दै आएको छ । उहांहरुले विभिन्न पेशा, व्यवसाय र विषयमा हासिल गर्नुभएको ख्याति, ज्ञान, शीप र प्रविधि एवं उहांहरुबाट आर्जित पूँजीलाई देश अप्ठ्यारो अवस्थामा रहेका बेला नेपालको विकास कार्यमा उपयोग गर्ने प्रकृयालाई संस्थागत स्वरुप दिनुको साथै विदेश र स्वदेशमा रहेका नेपालीहरु वीच सद्भाव एवं आपसी सहयोगलाई सुदृढ बनाउंदै जाने प्रकृयाको थालनी आफैमा एउटा ठूलो उपलब्धि हो । सरकार र निजी क्षेत्र बीचको साझेदारीको यो एउटा अनुपम उदाहरण पनि हो ।

४. देशभरका औद्योगिक, व्यापारिक क्षेत्रको संघीय संस्था नेपाल उद्योग वाणिज्य महासंघ विश्वका धेरै संघ/संस्थाहरुसंग आवद्ध छ। अन्तर्राष्ट्रिय व्यापार संघ, अन्तर्राष्ट्रिय रोजगारदाता संगठन, एशिया प्रशान्त क्षेत्र उद्योग वाणिज्य महासंघ, सार्क उद्योग वाणिज्य संघ, ७७ समूहका राष्ट्रका उद्योग वाणिज्य संघहरुको स्थायी समिति, एशियाली व्यापार प्रवर्द्धन मञ्च, साना तथा मझौला उद्यमहरुको विश्व संगठन, विमस्टेक जस्ता अन्तर्राष्ट्रिय एवं क्षेत्रीय संगठनहरुसंग महासंघ आवद्ध रहेको छ। साथै विश्वका झण्डै तीन दर्जन विभिन्न मुलुकका राष्ट्रिय स्तरका उद्योग वाणिज्य क्षेत्रसंग सम्बन्धित संघ/संस्था एवं संयुक्त राष्ट्र संघीय

निकायहरुसंग समेत सम्बन्ध स्थापित गरी देशको उद्योग व्यापार प्रवर्द्धनमा सहयोग पुऱ्याउँदै आएको महासंघलाई विश्वभरिका नेपालीसंग हातेमालो गरी यस प्रकारको सम्मेलन आयोजनामा योगदान गर्न पाउंदा वास्तवमा गौरवको अनुभूति भएको छ ।

५. प्रथम सम्मेलनपछि श्री पशुपतिनाथ क्षेत्रमा एक करोड रुपैया भन्दा बढीको लागतमा क्रियापुत्री भवन निर्माण तथा देवघाटमा वृद्धाश्रम निर्माण सम्बन्धी व्यवस्थाका साथै गैर आवासीय नेपाली मित्रहरुले स्वास्थ्य, शिक्षा, वित्तिय, आईसीटी, जलश्रोत आदि क्षेत्रमा गरेको लगानीलाई महासंघले उच्च मूल्यांकन गरेको छ ।

६. विगत २०६० सालमा आयोजित प्रथम सम्मेलनको सुझाव अनुसार नेपाल सरकारले गैर आवासीय नेपालीहरुको शीप र प्रविधिका साथै लगानी नेपालमा भित्र्याई देश विकासमा गैर आवासीय नेपालीहरुको सहभागिता बढाउने र नेपाली–नेपाली वीचको सम्पर्क सुदृढ पार्न अध्यादेश ल्याएको मा २०६२ सालमा आयोजित दोस्रो सम्मेलनको सुझावलाई समेत समेटि अन्तरिम संसदले विभिन्न प्रोत्साहनदायी व्यवस्था सहित कानूनी व्यवस्था गरेको छ । यसका लागि म नेपाल सरकारलाई धन्यवाद दिन चाहान्छु ।

७. नेपालको आर्थिक विकासमा प्रत्यक्ष सहयोग पुऱ्याउन १ सय मिलियन अमेरिकी डलरको नेपाल इन्भेष्टमेन्ट फण्डको अवधारणा स्वीकृत गर्नुको साथै शान्ति बहालीका लागि गरिने सबै प्रयासलाई समर्थन गर्ने र शान्ति प्रक्रियाको

निरन्तरताका लागि ठोस भूमिका निर्वाह गर्ने प्रतिवद्धता सहित काठमाडौं घोषणा पत्र जारी गर्दै सम्पन्न भएको दोस्रो सम्मेलन अत्यन्त महत्वपूर्ण हुन पुगेको छ ।

८. साथै उक्त घोषणा पत्रमा उल्लेखित कतिपय महत्वपूर्ण कुराहरु के कति हदसम्म कार्यान्वयन हुन सक्यो भन्ने तर्फ पनि यस सम्मेलनले पुनरावलोकन गरी आगामी कार्यक्रम तय गर्नु पर्छ भन्ने मलाई लाग्दछ। देशमा दिगो र स्थायी शान्ति स्थापनाको क्रममा चरणवद्ध रुपमा विभिन्न सम्झौता र सहमति एवं यसको कार्यान्वयन भई संविधान सभाको निर्वाचन नजिक आई सक्दा पनि यो अझै टुंगोमा पुग्न नसकेको भान पर्दा आम जनता अत्यन्त चिन्तित हुन पुगेका छन् । त्यसैले संविधान सभाको निर्वाचनका साथै देशमा शीघ्र दीगो र स्थायी शान्ति कार्यमा गर्नुका अतिरिक्त अनुकूल औद्योगिक व्यवसायिक वातावरण सृजना गरि समग्र आर्थिक सामाजिक विकासलाई अघि बढाउने कायम गैह्र आवासीय नेपालीहरुको योगदान समेत महत्वपूर्ण हुने अपेक्षा हामीले गरेका छौं ।

९. दक्षिण एशिया बाहेकका मुलुकमा १४ लाख भन्दा बढी नेपालीहरु बसोबास गरी आएका र उनीहरुबाट वार्षिक १ खर्व रुपैया भन्दा बढी रकम रेमिटेन्सको रुपमा नेपाललाई प्राप्त भईरहेको छ । वास्तवमा लामो समयदेखि संकटपूर्ण आर्थिक अवस्थाबाट गुज्रिरहेको हाम्रो मुलुकको अर्थतन्त्रलाई धान्न उहांहरुबाट ठूलो योगदान भई आएको छ। यसैले पनि विना शीप विदेशीने प्रचलन रोक्न शीपमूलक तालीमको आवश्यकता अनुसार महासंघले सरकारसंग मिलेर हाल ८ अञ्चलमा इलम प्रशिक्षण केन्द्र संचालन गरी सकेको छ र गैह्र आवासीय नेपाली संघको सहयोगमा समेत विभिन्न जिल्लामा विस्तार गरिंदैछ ।

१०. देशमा विकासका पूर्वाधार न्यून रहेको र द्वन्दका कारण त्यो पनि नष्ट भई पुनर्निर्माण गर्नु आवश्यक भएको तथा दक्षिण एशियामा सवैभन्दा कम प्रति व्यक्ति आय र कूल गार्हस्थ उत्पादन वृद्धि दर २.५ प्रतिशतमा झरेको परिप्रेक्ष्यमा गैर आवासीय नेपाली मित्रहरुलाई हामीले खुला हृदयले स्वागत गरि सहकार्यका लागि प्रोत्साहित गर्नै पर्दछ। यसै क्रममा एवं अंकमाल गर्नै पर्दछ र संसारभरीबाट पाल्नु भएका पाहुनाहरुको नेपालमा हार्दिक स्वागत गर्दै वहांहरुको भावनाको कदर गर्न चाहान्छु।

११. आजको खुला एवं प्रतिस्पर्धि अर्थतन्त्र, विश्वव्यापिकरण, डब्लुटिओ र क्षेत्रीय स्वतन्त्र व्यापार व्यवस्थाको परिप्रेक्ष्यमा निजी क्षेत्रको प्रयास विना देशको आर्थिक सामाजिक विकास संभव नहुने कुरा विकसित एवं हाम्रा छिमेकी मुलुकहरुको विकासको गति र स्थितिबाट पनि स्पष्ट भईसकेको छ। यसका लागि आजको प्रमुख आवश्यकतानै शान्तिपूर्ण र लगानी मैत्री वातावरण, जनधनको सुरक्षाको प्रत्याभूति र प्रोत्साहनदायी व्यवस्था अपरिहार्य छ। यसै क्रममा आफ्नो ज्ञान, शीप, अनुभव एवं पौरखबाट आर्जित पूँजी र प्रविधि आफ्नो पुर्खाको थलो वा आफ्नो जन्मभूमिमा लगाई नेपालको विकास प्रयासमा साझेदारको उत्कट अभिलाषाका साथ पाल्नु भएका सम्पूर्ण गैर आवासीय नेपाली मित्रहरुको नेपाल बसाई फलदायी होस् सुखमय होस् भन्ने कामना गर्दछु। यसै अवसरमा बिजया दशमी एवं दिपावली २०६४ को शुभ–कामना पनि दिन चाहान्छु।

१२. हामीले देशमा लामो समयदेखिको द्वन्दका कारण विनास भएका कैयौं पूर्वाधारहरुको पुनर्निर्माण लगायत आर्थिक कृयाकलाप अघि बढाई रोजगारी सिर्जनाको

माध्यमबाट गरिवी निवारणमा समेत सहयोग पुऱ्याउन उदार अर्थतन्त्र अनुरुप, निजी क्षेत्रको विकासमा देखिएका कानूनी, नीतिगत एवं प्रकृयागत बाधा अड्चनहरु हटाउनै पर्दछ । प्राविधिक शिक्षा, सञ्चार आदि क्षेत्रमा गैर आवासीय नेपालीहरुले विदेशी पूंजी समेत भित्र्याई नेपालमा लगानी एवं रोजगारी बढाउने प्रक्रिया प्रारम्भ गरेको परिप्रेक्ष्यमा प्रोत्साहन नपाएको गुनासो आउनुलाई हलुकासंग लिनु हुंदैन भन्ने हाम्रो जिकिर छ । तसर्थ उद्योगी व्यवसायीको मनोबल कदापि गिर्न नदिई यस्ता विषयलाई गम्भीरता साथ लिनै पर्छ । साथै सम्मेलन आयोजना गर्न हामीलाई नेपाल सरकारबाट प्राप्त प्रेरणाको सराहना गर्दछौं भने सम्मेलनमा उठाइएका विषयहरुतर्फ तत्काल ध्यान दिन विशेष आग्रह गर्दछौं ।

१३. यस महत्वपूर्ण एवं गरीमामय सम्मेलन आयोजना गर्न नेतृत्वदायी एवं अहम् भूमिका निर्वाह गर्नुहुने माननीय परराष्ट्र मन्त्रीज्यू समक्ष हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । अर्थ एवं उद्योग सचिवज्यूहरु, उच्चस्तरीय आयोजक समिति एवं कार्यान्वयन समितिका सदस्यज्यूहरु, त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलका वरिष्ठ सुरक्षाकर्मी एवं अधिकृतज्यूहरु, सरकारी एवं गैर सरकारी निकायहरु, गैर आवासीय नेपाली अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्षज्यू एवं सदस्यज्यूहरुमा यो वृहत सम्मेलन आयोजना गर्न वहांहरुबाट प्राप्त सद्भाव एवं सहयोगका लागि हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहान्छु ।

१४. साथै यस सम्मेलन आयोजना गर्ने क्रममा दिन रात खट्नु हुने महासंघका द्वितीय उपाध्यक्ष श्री कुशकुमार जोशी, गैर आवासीय नेपालीका तर्फबाट श्री ........................ एवं महासंघको सचिवालयका कर्मचारी बन्धुहरुको कार्यको

सराहना गर्दछु । साथै महासंघका पदाधिकारीहरु एवं कार्यकारिणी समितिका सदस्यज्यूहरुबाट प्राप्त सद्‌भाव एवं सहयोगका लागि पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

१५. यस सम्मेलनलाई महत्व दिई संचारकर्मि मित्रहरुले पुऱ्याएको सहयोगको लागि कृतज्ञता ज्ञापन गर्दछु ।

१६. हाम्रो निमन्त्रणा स्वीकार गरी पाल्नु भएकोमा विशिष्ठ अतिथिज्यूहरुमा हार्दिक आभार प्रकट गर्दछु ।

हामीलाई प्रेरणा दिनु भएकोमा सम्माननीय प्रधानमन्त्रज्यूमा पुनः कृतज्ञता व्यक्त गर्दछु ।

धन्यवाद ।

२८ असोज २०६४,

काठमाडौं ।